रंगेली नगरपालिका
Rangeli Municipality
नगर कार्यपालिकाको कार्यालय
Office Of Municipal Executive
रंगेली, मोरङ
Rangeli,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

आ. व.(F.Y.):२०७९/०८०
च. नं.(Ref.No.):

मितिः २०८०/०२/२२

# जग्गा खरीद गर्ने सम्बन्धि १५ दिने सार्वजनिक सूचना।

परम्परागत रुपमा माटोको भाडा बनाई जिविकोपार्जन गर्ने कुमाल जातिको लागि उपयुक्त माटो नहुँदा उनीहरुको पेशा संकटमा पर्ने देखिएकोले उक्त जातिको लागि माटो व्यवस्थापन गर्न तपसिल बमोजिम क्षेत्रफल र चौहद्दी भित्र उपयुक्त जग्गा निःशुल्क प्राप्ति गर्न मिति २०८०/०१/२१ मा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा समयसीमा भित्र कुनै पनि निवेदन प्राप्त नभएको र मिति २०८०/०१/२० गते बसेको कार्यपालिका बैठकले निःशुल्क जग्गा प्राप्त नभए जग्गा खरीद गर्ने निर्णय गरे अनुसार इच्छुक व्यक्तिहरुका लागि आजका मितिबाट पन्ध्र (१५) दिने जग्गा खरीद सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। जग्गा बिक्री गर्न इच्छुक व्यक्तिहरुले मिति २०८०/०३/०४ गते भित्र यस रंगेली नगरपालिकाको कार्यालयमा आफुले बिक्री गर्न चाहेको जग्गाको नक्सा, जग्गाधनी दर्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्रको फोटोकपी, चालु आ.व.को मालपोत तिरेको रसीद संलग्न राखी जग्गाको मूल्य उल्लेख गरी रु.१००० ।को दरभाउपत्र फारम दस्तुर राजश्व शाखामा बुझाई सोको रसीद समेत संलग्न राखी रंगेली नगरपालिकाको कार्यालयमा शिलबन्दी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१। भारतको सीमान देखि १ कि.मि. उत्तर, मुख्य बाटोको पश्चिम, कालु राजवंशीको जग्गा देखि दक्षिण हाल नयाँ कच्ची बाटोको पूर्व क्षेत्र।
२। खोला/नदीले कटान नगरेको।
३। न्यूनतम ५ देखि अधिकतम १० कठ्ठा सम्म।
४। बाटोले नछोएको।

*नोटः निवेदनको ढाँचा राजश्व शाखाबाट प्राप्त गर्न सकिनेछ। दरभाउपत्र १६ औं दिन वा सो दिन सार्वजनिक परेमा त्यसको भोलिपल्ट खोलिनेछ।*

प्रमुख प्रशासकीय अधिकृत